## मिति २०८२।१२।२४ गतेको आठौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. मिति २०८१/१२/३१ गतेको कार्यपालिका बैठकबाट पारित शिक्षक दरबन्दी मिलानका आधार र दरबन्दी सम्बन्धी विवरण बमोजिम इलाम २ स्थित सुम्बेक माध्यमिक विद्यालय र इलाम १ स्थित नेपालटार माध्यमिक विद्यालयमा प्राथमिक तहका दरबन्दी कटौती हुने देखिएको, हाल उक्त विद्यालयहरूमा एक/एकजना प्राथमिक शिक्षकको अनिवार्य अवकाश भई दरबन्दी रिक्त रहेको हुँदा सुम्वेक मा.वि., इ.न.पा. २ र नेपालटार मा.वि., इ.न.पा. १ को १/१ दरबन्दी मध्ये १ दरबन्दी अमर मावि बरबोटेमा र १ दरबन्दी देवकोटा आ.वि., भित्तेमा मिलान गर्ने निर्णय गरियो ।

२. इलाम नगरपालिकामा संचालित राष्ट्रिय रोजगार कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. राष्ट्रिय रोजगार कार्यक्रम संचालन निर्देशिका २०८२ को दफा ११ बमोजिम इलाम नगरपालिकामा श्रम रोजगारसँग सम्बन्धित सेवा प्रभावकारी रुपले व्यवस्थापन तथा संचालन गर्न कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने ।

ख. ख. आ.ब २०८२/०८३ का लागि EMIS मा सूचीकृत बेरोजगार श्रमिकहरु तथा २०८२ चैत्र मसान्त सम्म प्राप्त आवेदन फारामहरु आ.ब २०८३/०८४ का लागि सूचीकृत गर्ने निर्णय गरियो ।

ग. आ.ब २०८२/०८३ का लागि राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत खर्च शिर्षक २.७.२५.११७२ आन्तरिक रोजगारी सिर्जना तथा रोजगारी प्रवर्धनका लागि संघीय सरकार बाट प्राप्त शशर्त अनुदान बापतको रकम रु ४७२,०००/ मा शतप्रतिशत साझेदारी गर्नु पर्ने रकम को व्यवस्था गरि इलाम नगरपालिकाको वडा कार्यालयहरुबाट सहभागीहरुको विवरण माग गरि देहाय बमोजिमका तालिम संचालन गर्ने।

अ. प्लम्बिङ्ग

आ. सिलाइ कटाइ

३. जिल्ला समन्वय समिति, इलामको च.नं. २७८, मिति २०८२।१२।१२ को प्राप्त पत्रानुसार इलाम नगरपालिकाका वडा नं. १,२, ५ र ६ लाई बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा २९ अनुसार बालमैत्री वडा घोषणा गर्न सहमति प्रदान भएको हुँदा इलाम नगरपालिकाका वडा नं. १,२,५ र ६ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने निर्णय गरियो।

४. पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० बमोजिम हाललाई इलाम नगरपालिकाका सूचक र स्कोरीङ्गका आधारमा इलाम नगरपालिका वडा नं २,३,४ र ९ मा घोषणाका लागि पहिलो चरणका कृयाकलाप गर्ने र अन्य वडामा तयारीका कृयाकलाप संचालन गर्ने निर्णय गरियो ।

५. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी सिर्जना तथा रोजगारी प्रवर्धनका लागि संघीय सरकार बाट प्राप्त शशर्त अनुदान बापतको रकममा इलाम नगरपालिकाको तर्फबाट साझेदारी गरि प्लम्बिङ्ग तथा टेलरिङ्ग कार्यक्रम संचालन गर्नका लागि कार्य क्षेत्रगत शर्त र लागत अनुमान जम्मा रु. ९,४४,०००।— (अक्षरेपी नौ लाख चौवालिस हजार मात्र) स्वीकृती गर्ने निर्णय गरियो ।

६. उप-प्रमुख उद्यमी तथा स्वरोजगारी सिर्जना कार्यक्रम अन्तर्गत उप-प्रमुख उधमशीलता समितीबाट सिफारिस भई आएका देहायका व्यक्ति/संस्थाहरुको माग बमोजिमको योजना प्रस्ताव स्वीकृत गरि अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

७. इलाम नगरपालिका अन्तर्गतका निकायहरुको सेवाको प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न वडा कार्यालय, सेवा केन्द्रहरुको अनुगमन गर्ने प्रयोजनका लागि अनुगमन समिती गठन गर्ने ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत